नागरिक भएको र परम्परागत रुपमा पेशा तथा व्यवसाय गर्दै आएको विषय खुलेको स्थानीय तहको सिफारिस,

ग. मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम संचालन नियमावली, २०८० को अनुसूची-३ बमोजिमको आवेदन,

घ. व्यवसाय दर्ता प्रमाण पत्र , कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि साथै पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता।

ङ. प्रदेश औद्योगिक व्यबसाय ऐन,२०७८ र नियमावली, २०७९ तथा प्रदेश व्यापार व्यावसाय (दर्ता तथा सन्चालन) ऐन,२०७८ र नियमावली,२०८० बमोजिम दर्ता भएका उद्योग तथा व्यवसाय दर्ता भएको हुनुपर्ने ।

**५. लाभग्राही छनौटको आधारहरु:**

मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को नियम ९ बमोजिम योग्यता पुगेको आवेदकले यसै सूचनामा माग गरिएका आधिकारिक कागजातहरु पेश गरेको भए सोही नियमावलीको नियम १०, नियम ११ तथा सञ्चालक समितिले लाभग्राही छनौटका लागि बनाएको मापदण्ड र कार्यालयमा प्राप्त भएको स्रोत समेतको आधारमा सञ्चालक समितिबाट लाभग्राही छनौट गरी कार्यक्रम सञ्चालन गरिने छ।

पूनश्च: सीप विकास तालिमको लागि रुकुम (पश्चिम भाग) जिल्लाका कम्तिमा ६० जना लाभग्राहीलाई तालिम दिनु पर्ने भएकोले कार्यालयलाई सो कार्यक्रममा प्राप्त भएको रकम र आवेदकको मागको आधारमा देहायका तालिमहरु संचालन गरिनेछ ।

<u>तपशिल</u>

१.हेयर कटिङ तालिम

२.अचार/दालमोठ, आलुचिप्स बनाउने तालिम

३. क्रिष्टलका गहना तथा चुरिया निर्माण तालिम

४. आरण सुधार तथा मर्मत तालिम

थप जानकारीका लागि सम्पर्क:

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, रुकुम पश्चिम

१. श्री मान बहादुर खत्री ९७६७८८३२३४

२. श्री शेर बहादुर ओली ९७६५८०६५८६

३. श्री मुकुन्द के.सी. ९८५७८७२३८८

कर्णाली प्रदेश सरकार उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय रुकुम (पश्चिम भाग)

२०८२।१२।११

कार्यालय प्रमुख

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

०८८-४०११४६ / ९८५७८२६१११
ito.chaurjaharimun@gmail.com

मिति :२०८२/१२/१५

**प.स.:**२०८२/०८३
**च.न:** ९२४७

**विषय:** जानकारी सम्बन्धमा ।

श्री वडा कार्यालय सबै,
चौरजहारी नगरपालिका रुकुम (पश्चिम भाग) ।

उपर्युक्त विषयमा उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय रुकुम (पश्चिम भाग) को च.न. ३०६, मिति २०८२/१२/११ गतेको प्राप्त पत्रानुसार दलित आयआर्जन कार्यक्रम सञ्चालन गर्नका लागि सूचना यसै पत्रसाथ पठाइएको छ । उक्त सूचनाको व्यापक प्रचारको लागि तहाँ वडा कार्यालयमा सूचना टाँसगरी जानकारी पठाइदिनुहुन अनुरोध छ ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

ग. मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को अनुसूची-१ बमोजिमको व्यावसायिक योजना, कम्तिमा पचास प्रतिशत लागत साझेदारी गर्ने प्रस्ताव, व्यवसाय दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि

घ. मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को अनुसूची-३ बमोजिमको आवेदन,

ङ. पेशा, व्यवसायलाई आधुनिकीकरण गर्न आवश्यक पर्ने मेसिन, उपकरण वा पूर्वाधार निर्माणको व्यावसायिक प्रस्ताव,

च. दलितलाई सङ्गठित गरी सामूहिक रुपमा उत्पादन तथा आय आर्जनका क्रियाकलाप व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण सहयोग भए सोको आयोजना प्रस्ताव,

छ. सीप अभिवृद्धि तालिम प्राप्त गरी रोजगारीमा आबद्ध हुन चाहने लाभग्राहीले आवश्यक सामग्री वा उपकरण खरिद तथा उद्योग स्थापनाका लागि आयोजना प्रस्ताव,

ज. लाभग्राहीलाई सङ्गठित गरी सामूहिक स्तरमा आय आर्जनका क्रियाकलाप सञ्चालन गर्न सहयोग पुग्ने सहकारी, साझेदारी उद्योग वा व्यवसाय सम्बन्धी साझेदारीयुक्त लागत प्रस्ताव,

झ. समूहगत लाभग्राहीको हकमा प्रत्येक समूहमा फरक फरक घरपरिवारका कम्तीमा पन्ध्र जना लाभग्राही समेटिएको समूहको निर्णयको प्रतिलिपि र सदस्यको नामावली,

ञ. पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता,

ट. सगोल परिवारभित्रको कुनै सदस्य सरकारी सेवामा नभएको स्वघोषणा।

ठ. प्रदेश औद्योगिक व्यवसाय ऐन,२०७८ र नियमावली, २०७९ बमोजिम उद्योग दर्ता भएको हुनुपर्ने ।

**३. विपन्न दलितको वित्तीय पहुँचका लागि सहुलियत ब्याजदरमा ऋण सुविधा उपलब्ध गराउन रकम माग गर्ने सहकारी संस्थाहरुले पेश गर्नु पर्ने कागजातहरु:**

क. सहकारी संस्थाको संस्था दर्ता प्रमाण पत्र, विनियम, पछिल्लो लेखापरीक्षण प्रतिवेदन र करचुक्ता प्रमाण पत्रको प्रतिलिपि,

ख. मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम संचालन नियमावली, २०८० को अनुसूची-१ बमोजिमको व्यावसायिक योजना र अनुसूची-४ बमोजिमको प्रतिबद्धता पत्र,

ग. सहकारी संस्थाको साधारणसभा वा सञ्चालक समितिबाट बिउपुँजी रकम प्राप्त गरी आय आर्जन कार्यक्रममा अधिकतम परिचालन गर्ने व्यहोराको निर्णयको प्रतिलिपि,

घ. सहकारी संस्थाको कार्यक्षेत्र, वित्तीय र व्यवस्थापकीय क्षमता, शेयर सदस्य संख्या र संगठनात्मक संरचनाको विवरण खुलेको कागजात,

ङ.समान प्रकृतिको वा दोहोरो पर्ने गरी लाभ नलिएको व्यहोरा खुलेको स्वघोषणापत्र

च. पेशा वा व्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता।

**४. सहुलियत ब्याजदर (वार्षिक पाँच प्रतिशत) मा बढीमा दुई वर्षका लागि पचास हजार रुपैयाँसम्म ऋण सुविधा प्राप्त गर्ने लाभग्राहीको रुपमा सुचिकृत हुन चाहने आवेदकले पेश गर्नु पर्ने कागजातहरु:**

क. नेपाली नागरिकता प्रमाण पत्र वा राष्ट्रिय परिचय पत्र,

ख. हाल आफू बसोबास गरेको निर्वाचन क्षेत्रभित्र कम्तिमा छ महिना अगाडि देखि बसोबास गरेको, आवेदकले यस किसिमको सहयोग यसअघि प्राप्त नगरेको भन्ने व्यहोरा खुलेको, विपन्न

कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय, रुकुम (पश्चिम भाग)

## मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२।१२।११

यस कार्यालयको चालु आ.व. २०८२/०८३ को स्वीकृत मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकोले उक्त कार्यक्रमबाट लाभ लिन चाहने रुकुम (पश्चिम भाग) जिल्ला भित्रका इच्छुक अठार वर्ष उमेर पूरा भएका दलित तथा दलित समुदाय र वित्तीय पहुँचको सेवा लिन इच्छुक सहकारी संस्थाले यो सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन अर्थात् २०८२/१२/२५ गते भित्र देहाय बमोजिमका कार्यक्रमका लागि निम्नलिखित कागजात संलग्न राखी यस कार्यालयमा आवेदन दिनुहुन मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को नियम ८ को उपनियम (२) बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

सञ्चालन हुने कार्यक्रमहरु:

१.सीप विकास तालिम

२. सामाग्री तथा पूर्वाधार सहयोग

३. वित्तीय पहुँच सहयोग

**१. सीप विकास तालिम कार्यक्रम माग गर्ने आवेदकले आवेदनसाथ पेश गर्नु पर्ने कागजातहरु:**

क. नेपाली नागरिकता प्रमाण पत्र वा राष्ट्रिय परिचय पत्र,

ख. हाल आफू बसोबास गरेको निर्वाचन क्षेत्रभित्र कम्तिमा छ महिना अगाडि देखि बसोबास गरेको, आवेदकले यस किसिमको तालिम कार्यक्रम यस अघि प्राप्त नगरेको भन्ने व्यहोरा खुलेको, विपन्न नागरिक भएको र परम्परागत रुपमा पेशा तथा व्यवसाय गर्दै आएको विषय खुलेको स्थानीय तहको सिफारिस,

ग. मुख्यमन्त्री दलित आय आर्जन कार्यक्रम सञ्चालन नियमावली, २०८० को अनुसूची-३ बमोजिमको ढाँचामा आवेदन,

घ. सीप विकास तालिम कार्यक्रमका लागि परम्परागत पेशा वा व्यवसायमा संलग्न भएको प्रमाण,

ङ. तालिम पछि आय आर्जन व्यवसायमा संलग्न हुनेछु भन्ने कबुलियतनामा।

**२. ५० % (पचास प्रतिशत) लागत सहभागितामा सामग्री तथा पूर्वाधार निर्माण सहयोग माग गर्ने आवेदकले आवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरु:**

क. नेपाली नागरिकता प्रमाण पत्र वा राष्ट्रिय परिचय पत्र,

ख. हाल आफू बसोबास गरेको निर्वाचन क्षेत्रभित्र कम्तिमा छ महिना अगाडि देखि बसोबास गरेको, आवेदकले माग गरेको सामग्री तथा पूर्वाधार निर्माणको सहयोग यस अघि प्राप्त नगरेको भन्ने व्यहोरा खुलेको स्वघोषणापत्र र विपन्न नागरिक भएको साथै परम्परागत रुपमा पेशा तथा व्यवसाय गर्दै आएको विषय खुलेको स्थानीय तहको सिफारिस,

कार्यालय प्रमुख